म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ६९ २०८१ माघ १३ गते आइतबार 26 January 2025, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

## जिल्ला बारमा बस्नेत निर्वाचित

हेटौंडा : जिल्ला अदालत बार एशोसिएसन मकवानपुरको अध्यक्षमा उत्तम कुमार बस्नेत निर्वाचित हुनुभएको छ । शनिबार सम्पन्न भएको जिल्ला अदालत बार एशोसिएसन मकवानपुरको निर्वाचनमा अर्का आकांक्षी जयराम सुवेदीलाई १ मतले हराउँदै बस्नेत अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो ।

बस्नेतले १६ प्राप्त गर्दै विजयी हुनुहुँदा अर्का आकांक्षी सुवेदीले १५ मत प्राप्त गर्दै पराजित हुनुपऱ्यो । उपाध्यक्ष शान्ति मुक्तानले १७ मत प्राप्त गर्दै विजयी हुँदा उहाँका निकटम प्रतिद्वन्द्वी कृष्णप्रसाद छतकुलीले १४ मत प्राप्त गर्दै पराजित हुनुपरेको छ । सचिवमा र ाधाकृष्ण मैनाली (आरके) लाई पराजित गर्दै रमिता चौलागाईं निर्वाचित हुनुभएको छ । मैनालीले १४ ...बाँकी पृष्ठ ३ मा

## हेटौंडामा महिला सम्मेलन सम्पन्न

# ४ जना अगुवा महिला सम्मानित




*बहसमा सहभागी अगुवा महिलाहरु ।*

समाज संवाददाता

हेटौंडाः अन्तर्राष्ट्रिय स्वयंसेवी संस्था लायन्स क्लब इन्टरनेशनलको आयोजनामा शनिबार हेटौंडामा महिला सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा लायन्स क्लबको माध्यमबाट सेवामा समर्पित रहँदै विभिन्न बाधाहरु तोड्दै लायनवादको वृद्धि र विकासमा योगदान पुऱ्याउने ४ जना महिलालाई सम्मान गरिएको छ । लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ जे को वर्ष २०२४/२५ की गभर्नर मिलन थापा, लियो मल्टिपल डिष्ट्रिक्ट काउन्सिलकी अध्यक्ष अस्मिता लामिछाने, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ ए को वर्ष २००४/०५ की अध्यक्ष सुष्मा शर्मा र लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एल को वर्ष २०२४/२५ की सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर तारा भुषाललाई सम्मान गर्न गरिएको छ ।

हेटौंडा-२ स्थित पल्पसा प्याराडाइज होममा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघकी नवनिर्वाचित अध्यक्ष निर्मला शर्मा, दक्षिण एसियाकै पहिलो महिला फिफा रेफ्री कल्पना शर्मा, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस की प्रमुख सल्लाहकार ज्योति केसी र स्त्री तथा प्रसुती स्वास्थ्य विशेषज्ञ डा. सौजन्य कर्माचार्यले 'बाधाहरु तोड्दै नेतृत्वमा महिला र यसको सामाजिक प्रभाव' शीर्षक बहस गर्नुभएको थियो ।

बहसमा पत्रकारिता, खेलकुद, सहकारी, शिक्षा स्वास्थ्य जस्ता क्षेत्रमा स्थापित महिला नेतृत्वको विषयमा छलफल भएको थियो । बहसमा सहभागी वक्ताहरुले आफ्नो आफ्नो क्षेत्रमा भएका संघर्ष, महिला भएकै कारण भोगिएको समस्याहरू र समस्या तथा आइपरेका बाधाहरु छिचोलेर अगाडि बढेको विषय प्रस्तुत गर्नुभएको थियो । अब कसरी आफ्नो क्षेत्रलाई राम्रो बनाउन सकिन्छ र सबै क्षेत्रमा महिलाहरु को बाक्लो उपस्थिति कसरी बढाउन सकिन्छ भन्ने विषयमा जोड दिइएको थियो ।

पहिला नीति परिवर्तनमा जोड दिनुपर्ने र महिलाले जुन क्षेत्रमा काम गरेपनि निरन्तरताका साथ काम गर्नुपर्ने जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठले बताउनुभयो । संविधानमा महिलाहरूको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख भएपनि महिला उपलव्ध छैन भन्ने बहाना देखाएर ३३ प्रतिशत सहभागिता सुनिश्चित नगर्ने नभई संविधानको मर्म अनुसार काम गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो ।

स्थापित महिला नेतृत्वको विषयमा बहस, विमर्श गर्ने गरी लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालको आयोजनामा महिला सम्मेलन भएको हो । सम्मेलनमा अभिप्रेरणात्मक वक्ता मानसी अग्रवाल प्रमुख वक्ताको रुपमा रहनुभएको थियो । सम्मेलनमा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो ।

# वनका सचिवले मयुरधाप औद्योगिक क्षेत्र तुहाउन खोजेः महेश बर्तौला

समाज संवाददाता



हेटौंडा : नेकपा एमालेका मुख्य सचेतक महेश कुमार बर्तौलाले वनका सचिवहरुले मयुरधाप औद्योगिक क्षेत्रको योजना तुहाउन खोजेको आरोप लगाउनुभएको छ । उहाँले मध्यवर्ती क्षेत्रको नाममा वनका सचिवले औद्योगिक क्षेत्र निर्माणको योजना तुहाउने काम गरिरहेको बताउनुभयो ।

हेटौंडामा शनिबार पत्रकारहरुसँगको भेटघाटमा मुख्य सचेतक बर्तौलाले देशको अर्थतन्त्र र नागरिकको रोजगारीसँग जोडिएको गौरवको आयोजना मयुरधापको औद्योगिक क्षेत्रलाई वन र निकुञ्जको विभिन्न प्रावधान लगाएर रोक्न खोजेको बताउनुभयो । क्याविनेटबाट पारित गरी सबै प्रक्रिया पूरा गरी कार्यान्वयनको चरणमा रहेको उक्त योजनाको औचित्य र आवश्यकताको विषयमा प्रश्न गर्दै वनको सचिवस्तरका कर्मचारीले रोक्ने काम गरेको उहाँको भनाई छ ।

'गौरवको आयोजना संचालनमा निकुञ्ज र वनका कर्मचारीको दादागिरी देखिएको छ । मयुरधाप औद्योगिक क्षेत्रको योजना तुहाउने रणनीति अनुसार वनका सचिवले सूचना जारी गरिएको छ', उहाँले भन्नुभयो, '२०७२ सालमा घोषणा भएर विभिन्न प्रक्रियासहित जग्गा भोगाधिकार समेत पाएर अघि बढेको सो आयोजनाको औचित्य र आवश्यकता बारे प्रश्न गर्दै वन र निकुञ्जको कर्मचारी पत्र जारी गरिएको छ ।' औद्योगिक क्षेत्रका पुन सम्भाव्यता अध्ययन गर्नुपर्ने भन्दै गत पुस ९ मा सचिवस्तरको निर्णयसहित सार्वजनिक सूचना जारी हुनुले देशको सिस्टममा व्यूरोक्रेसीको दवदवालाई स्पष्ट पारेको उहाँले बताउनुभयो । मध्यवर्तीको नाममा लगातारको असहयोग सह्य नहुने उहाँले बताउनुभयो ।

मध्यवर्ती क्षेत्रमा परेको भन्दै मयुरधाप औद्योगिक क्षेत्र संचालन प्रक्रिया अगाडि बढाउन अवरोध हुने गरी वन मन्त्रालयबाट पत्र प्रेषित हुनु दुःखद् रहेको उहाँको भनाई छ । मयुरधाप औद्योगिक क्षेत्र संचालनमा ल्याउने र नयाँ उद्योग कलकारखाना स्थापना गरी रोजगारीका अवसरहरु सिर्जनाको वातावरण बनाउन सक्रिय हुनुपर्ने उहाँले बताउनुभयो ।

राजनीतिक नेतृत्व नीतिगत निर्णय विपरित कर्मचारीहरुबाट औद्योगिक क्षेत्रको विषयमा असहयोग हुनु उपयुक्त नरहेको उहाँले स्पष्ट पार्नुभयो । सो विषयमा जनस्तरबाट समेत बलियो खवरदारी अपरिहार्य रहेको मुख्य सचेतक बर्तौलाले बताउनुभयो । मयुरधापमा औद्योगिक क्षेत्र निर्माण गरेर नागरिकको आयस्तर सुधार गर्न युवाहरुलाई रोजगारी अवसर दिनु पर्ने उहाँको भनाई छ । मयुरधाप औद्योगिक क्षेत्र संचालनले रोजगारी सृजना मात्र नभई राज्यलाई अर्बौं रुपैयाँ राजस्व संकलनको अवस्था निर्माण हुने उहाँले बताउनुभयो ।

## भीम विराग स्मृति तेस्रो अन्तरविद्यालय खुल्ला एकल गायन प्रतियोगितासम्बन्धी सूचना

यस ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयले बालबालिकाका अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले विगतका वर्षझैं यस वर्ष पनि गीतकार, गायक तथा सङ्गीतकार भीम विरागको स्मृतिमा तेस्रो अन्तरविद्यालय खुल्ला एकल गायन प्रतियोगिता यही २०८१ फागुन १५ गते हुने लागेको सहर्ष जानकारी गराउँछौं । उक्त प्रतियोगितामा मकवानपुर जिल्लाका संस्थागत तथा सामुदायिक विद्यालयबाट एक जना छात्र वा छात्रा प्रतिभा छनोट गरी पठाइदिनुहुन अनुरोध गर्दछौं ।

**प्रतियोगिताका नियमहरूः**

- प्रतियोगितामा कक्षा १ देखि कक्षा १० सम्म अध्ययन गरिरहेका विद्यार्थीले भाग लिन पाउने छन् ।
- गीत नेपालीपन झल्कने सन्देशमूलक (स्वदेशी गाना/आधुनिक) हुनुपर्नेछ ।
- गीत वाद्यवादन बजाएर वा ट्रयाक बजाएर गाउन सकिने छ ।
- वाद्यवादन बजाएर गाउने हो भने कुन-कुन वाद्यवादन बजाएर गाउने (जस्तै गितार, मादल, किबोर्ड, ड्रमसेट, बाँसुरी आदि) अग्रिम जानकारी गराउनु पर्नेछ ।
- किबोर्ड आफ्नै छ भने ल्याउन सक्नुहुने छ । छैन भने हामीसित भएको YAMAHA PSR, घटछ Model को किबोर्ड उपलब्ध गराउने छौं । अन्य वाद्यवादन आफैंले लगाउनु पर्नेछ ।
- प्रत्येक सहभागीले विद्यार्थीको नामसहित आफूले गाउने गीतको बोल टिपाउनु पर्नेछ । रेकर्ड नभएको नयाँ गीत भए सफा अक्षरमा लेखेर वा प्रिन्ट गरेर आयोजकलाई उपलब्ध गराउनु पर्ने छ ।
- ट्रयाकमा गाउनेले आफूले गाउने गीतको Mp3 पेनड्राइभमा उपलब्ध गराउनु पर्ने छ । विकल्पका रूपमा मोबाइलमा पनि ल्याउनु होला ।
- वाद्यवादन बजाएर गाउने हो भने आफ्ना वाद्यवादनहरू पालो आउनु अगावै ट्युनिङ मिलाएर राख्नु पर्नेछ ।
- मूल्याङ्कन निष्पक्ष बनाउनका लागि सहभागी प्रतिभा र वाद्यवादकहरु बाहिरी पोसाकमा सहभागी हुनु पर्ने छ ।
- सहभागी विद्यालयले फागनु १० गतेभित्र आफ्नो नाम दर्ता गराइसक्नु पर्ने छ । दर्ता शुल्क रु. १५००/- लाग्ने छ ।
- प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतिभालाई क्रमशः रु. १०,०००/-, रु. ७०००/- र रु. ५०००/- नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ भने एक जनालाई प्रोत्साहन पुरस्कार रु. २५००/-, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ ।
- दर्ता तथा थप जानकारीका लागि श्री आल्देन लिङ्देन (९८०१०२९२०५), श्री बेनु शर्मा पराजुली (९८४५०२९४४३ वा ९८०२५२९४४३)

**कार्यक्रम हुने मिति : २०८१ फागुन १५ गते**
समय : बिहान ११:०० बजेदेखि
स्थान : ज्ञानोदय बालवाटिका आवासीय मा.वि. हेटौंडा-५, पिप्ले



**प्रिन्सीपल**

**ज्ञानोदय बालवाटिका आवासीय मा.वि.**

**हेटौंडा-५, पिप्ले**



## सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# संकटमा सहकारी

नेपालमा सहकारी संस्थाको सुरुवात भएको ७ दशक पुग्न लागेको छ । विसं २०१३ सालबाट सुरु भएको सहकारी संस्थाहरु पछिल्लो विभिन्न समस्यामा परेका छन् । सहकारीलाई राज्यले पनि उच्च प्राथमिकतामा राखेको छ । आर्थिक विकास मुख्य तीन आधारमध्ये एउटा सहकारीलाई पनि स्वीकार गरिएको छ । देशमा सरकारीको नियमन र प्रवर्द्धनका लागि सहकारी ऐन तथा नियमको व्यवस्था छ । संघ तथा प्रदेश सरकारमा सहकारी मन्त्रालय छ । राष्ट्रिय तथा प्रदेश सहकारी बोर्ड गठन गरेर क्रियाशील छ । राष्ट्रिय सहकारी महासंघ स्थापना भएको छ । नेपालले अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्य पनि लिएको छ । तीनै तहको सरकार, सहकारी मन्त्रालय, सहकारी महासंघ, सहकारी विकास बोर्ड, सहकारी विकास बैंक आदिले सहकारीको प्रवर्द्धन, नियमन र व्यवस्थापनमा काम गरिरहेका छन् । बचत तथा ऋण, बहुउद्देश्यीय, उपभोक्ता, कृषक, उत्पादक जस्ता विभिन्न प्रकार र उद्देश्यका सहकारी संस्था र तिनका जिल्ला, प्रदेश र केन्द्रीय संघहरु रहेका छन् ।

पछिल्लो समय सहकारी संस्थाको रकम अपचलन सम्बन्धी समाचार निकै आउने गरेको छ । सहकारीको रकम अपचलन गरेको आरोपितह कतिपय बेपत्ता भएका छन्, कतिपयले मुद्दा खेपिरहेका छन्, कतिपय प्रहरी र अदालत धाइरहेका छन् । सहकारीमा अनियमितता गर्नेहरु सबैजसो राष्ट्रिय राजनीतिक दलका नेतृत्व तहकै व्यक्तिहरु र व्यापारिक घरानाका मानिसहरु देखिएका छन् । सहकारीको बचत रकम जथाभावी खर्च गरेर सर्वसाधारणको बचत फिर्ता गर्न नसकेपछि सहकारी संस्थाहरु संकटग्रस्थ बनेका छन् । बागमती प्रदेश सरकारले पनि ५ वटा सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको छ । सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ, दर्शन बचत तथा ऋण सहकारी, सुमेरु सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ, नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी र लालीगुराँस बचत तथा ऋण सहकारी संस्था समस्याग्रस्त घोषणा भएका हुन् । यी सबै सहकारी संस्था काठमाडौं उपत्यकाका छन् ।

प्रदेशभित्रका सहकारीहरुमा देखिएका समस्या समाधान गर्न गत असार १० मा प्रदेश सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय स्थापना गरेर काम गरिरहेको छ । सोही कार्यालयले सहकारीलाई समस्याग्रस्त घोषणा गर्दै जाँचबुझ तथा व्यवस्थापनका अन्य कार्य गरिरहेको छ । समस्याग्रस्त सहकारीमा सर्वसाधारणले फिर्ता पाउनुपर्ने बचतका लागि कार्यालयले लगत संकलन गरिरहेको छ । सिभिल सहकारीका झण्डै एक हजार ५ सय सदस्यको ६ अर्ब रुपैयाँभन्दा बढीको मागदाबी छ । सुमेरु सहकारीले २ अर्ब २५ करोड रुपैयाँ बचत फिर्ता गर्न नसकेको मागदाबी छ । नेशनल नमोबुद्ध सहकारीका ७२ बचतकर्ताले बचत फिर्ता माग गर्दै कार्यालयमा उजुरी दिएका थिए । सहकारीको १ अर्ब ५२ करोड रुपैयाँ दायित्व देखिएको छ । लालीगुराँस सहकारीबाट ९७२ बचतकर्ताको १ अर्ब ६२ करोड रुपैयाँ बचत फिर्ता माग गर्दै उजुरी परेको थियो । समस्याग्रस्त सहकारीका ऋणीहरु खोज्न कार्यालयले सकस भइरहेको छ । कार्यालयले दूरसञ्चार प्राधिकरणको सहयोगमा सिभिल सहकारीका मात्रै ३५५ जना ऋणीको तीनपुस्ते विवरण निकालेको छ ।

निकै लामो समयदेखि सहकारी संस्थाहरु सञ्चालन भइरहेको भए पनि सहकारी क्षेत्र अझै भरपर्दो र व्यवस्थित हुन सकेको छैन । सरकारले आर्थिक विकासका लागि सरकारी, निजी र सहकारी गरी तीनवटा मुख्य पक्षहरु पहिचान गरेर तीनखम्बे आर्थिक नीति अघि सारेको भए पनि यसको प्रवर्द्धन, नियमन र व्यवस्थापनमा राज्यका संयन्त्र कमजोर बन्दै जाने सम्भावना बढेको छ । नेपालजस्तो मिश्रित अर्थव्यवस्था कार्यान्वयन भइरहेको देशमा सहकारीको भूमिका महत्वपूर्ण हुन्छ । तर, सहकारी संस्थाहरुलाई सहकारीकै मूल्य, मान्यता, सिद्धान्त र उद्देश्यअनुरुप सञ्चालन नगर्दा कतिपय सहकारीमा समस्या देखिएको छ । सहकारीलाई बैंकजस्तो बनाउन खोज्दा, सञ्चालकहरुले नियमविपरित काम गर्दा, आम सर्वसाधारण बढी ब्याज पाउने लोभमा पर्दा र नियमनकारी सरकारी निकाय चनाखो नबन्दा ठूला कारोबार गर्ने केही सहकारीले सर्वसाधारणको बचत दुरुपयोग गरेका छन् । सहकारीमा देखिएका यस्ता समस्या बचतकर्ताको बचतसँगै सदस्यको लगानी डुब्नेमात्र होइन, सहकारी क्षेत्रमै संकटमा पर्ने जोखिम बढाएको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : ऋणभार र खर्चवृद्धिले तनाब बढ्ने समय छ ।
**वृष** : शरीर स्वस्थ र बुद्धि निर्मल रहने समय योग छ ।
**मिथुन** : लोकप्रियता बढ्ने र साँझेदारी कामबाट लाभ प्राप्त ।
**कर्कट** : सिर्जनात्मक काममा सरिक भइने समय छ ।
**सिंह** : धार्मिक एवम् सामाजिक काममा सरिक भइनेछ ।
**कन्या** : प्रतिष्ठा र सम्मानका लागि उपयुक्त समय छ ।
**तुला** : तिर्थव्रत र देवालय आदिको भ्रमण होला ।
**वृश्चिक** : नचिताएको ठाउँबाट धन हात लाग्न सक्छ ।
**धनु** : प्राज्ञिक क्षेत्रबाट सोचे अनुरुप लाभ प्राप्त ।
**मकर** : सामाजिक र राजनीतिमा सक्रिय भइने छ ।
**कुम्भ** : गरेको प्रयासमा शुभ समाचार प्राप्त हुनेछ ।
**मीन** : अल्छीपन र अकर्मण्यताले वास गर्न सक्छ ।

# अमेरिका, ट्रम्प र दुई लिङ्गीय पहिचान



✍ बिशभ अधिकारी

अमेरिकाको ४७ औं राष्ट्रपतिको रुपमा निर्वाचित डोनाल्ड ट्रम्पले शपथ लिएका छन् । सोमबार अमेरिकी संसद्को क्यापिटल हिलमा ट्रम्पले राष्ट्रपतिको रुपमा शपथ लिएका हुन् । उनलाई सर्वोच्च अदालतका प्रधानन्यायाधीश जोन रोबट्र्सले शपथ खुवाएका छन् । रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार बनेका ट्रम्प डेमोक्रेटिक पार्टीकी कमला ह्यारिसलाई पराजित गर्दै विजयी भएका थिए । ट्रम्पको यो दोश्रो कार्यकाल हो । यिनले आफ्नो नीतिमा र घोषणापत्रमा 'अमेरिका प्रथम' भन्ने नीतिलाई निरन्तरता दिने उल्लेख गरेका थिए । अमेरिकी अर्थतन्त्रलाई सुदृढ पार्न र अन्तर्राष्ट्रिय सम्बन्धलाई पुनः परिभाषित गर्न जोड दिएका थिए । उनको घोषणापत्रमा इनर्जीको मूल्यमा ५०% कटौती गर्ने र ओभरटाइम काम गर्नेहरूमा कर नलाग्ने जस्ता आर्थिक सुधारका कदमहरू समावेश थिए ।

ट्रम्पले आप्रवासन नीतिमा कडाइ गर्ने, संघीय प्रशासनमा सुधार ल्याउने, जलवायु सम्बन्धी नीतिहरूमा स्थिरता कायम गर्ने, संघीय स्वास्थ्य एजेन्सीहरूको पुनर्निर्माण गर्ने, स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने, आयात व्यापारमा नयाँ शुल्क लगाउने, परराष्ट्र मामिलामा नयाँ दृष्टिकोण अपनाउने र शिक्षा प्रणालीमा वैचारिक परिवर्तन गर्ने जस्ता एजेन्डाहरु अघि सारेका थिए । निर्वाचित भएपछि शपथग्रहण कार्यक्रममा थुप्रै कार्यकारिणी आदेश जारी गरे । ट्रम्पले अमेरिका फर्स्ट भन्ने भनाई दोहोर्‍याए, लागूऔषध तस्करलाई आतंककारी घोषणा गरे, मेक्सिको बोर्डरमा ईमर्जेन्सी लगाए, आप्रवासीलाई अब अमेरिकाबाट हटाउने, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट अलग रहने, पेरिस जलवायू सम्झौताबाट अलग रहने, यिनले युक्रेन रुस युद्ध अन्त्य गर्दै तेश्रो विश्वयुद्ध रोक्नेसम्मको घोषणा गरे ।

पानामा नहरमाथी चीनको प्रत्यक्ष-परोक्ष नियन्त्रण रहेकोमा अब उप्रान्त अमेरिकाको नियन्त्रण रहने, अमेरिकालाई शक्तिशाली र समृद्ध देश बनाउँदै मंगलग्रहसम्म अमेरिका बिस्तार गरी अमेरिकी झण्डा फरफराउने घोषणा गरे । यिनले वाईडनको चार वर्षे कार्यकाल त्यसै खेर गएको जीकिर गरे । घोषणापत्रमा उल्लेख गरे बमोजिम तीन ट्रिलियन डलर बराबरको वस्तु तथा सामान आयातमा १० देखि २० प्रतिशत र सबै चिनियाँ सामानमा ६० प्रतिशत ट्यारिफ लगाउने जुन प्रस्ताव थियो त्यसलाई अगाडि बढाउने देखियो । ट्रम्पको कार्यकारिणी आदेशले विश्वभर नै उछाल ल्याएको छ । क्यापिटल हिलमा हमला गर्ने करिब १५०० व्यक्ति ट्रम्पको आदेशले रिहा भएका छन् । यसरी ट्रम्पको उदयसँगै अमेरिकामा एउटा नया तरङ्ग पैदा भएको छ । अर्को महत्वपूर्ण घोषणा यिनले लैंगिकता सम्बन्धी गरे । अब अमेरिकामा दुई लिङ्गीय पहिचान मात्र कायम हुने छ । अब अमेरिकामा कि महिला कि पुरुष मात्र हुन्छन ट्रम्पले भने ।

डोनाल्ड ट्रम्पको प्रशासनले सन् २०१६ देखि नै समलिङ्गी, द्विलिङ्गीय र अन्य गैरपरम्परागत पहिचानहरूप्रति कठोर नीति अपनाएको थियो । तसर्थ अमेरिकामा लिङ्गीय पहिचानको बहस नयाँ होईन । दशकौंसम्म, यो बहसले महिला-पुरुषको सीमित परिभाषालाई चुनौति दिँदै विविधता स्वीकार्न प्रयास गर्‍यो । तर हालै, अमेरिकामा राजनीतिक नेतृत्वले यो बहसलाई पछाडि फर्काउने प्रयास गरेको देखिन्छ । डोनाल्ड ट्रम्पको नेतृत्वमा रिपब्लिकन पार्टीले दुई मात्र लिङ्गीय पहिचानलाई मान्यता दिनुपर्ने धारणा अघि सारेको छ । यसले अमेरिकाको समावेशी र प्रगतिशील समाजलाई पुनः परम्परागत संरचनामा फर्काउने खतरा उत्पन्न गरेको छ । ट्रम्पले सार्वजनिक रुपमा 'लिङ्ग भनेको जन्मसिद्ध जैविक अवस्था हो' भन्ने तर्कलाई समर्थन गर्दै आएका छन् । हालै, उनले भनेका छन्, 'देउताले एउटा मात्र लिङ्गीय संरचना बनाउनु भएको छ ।' यो अभिव्यक्तिले उनी एलजीबीटीआईक्यू समुदायप्रतिको दमनकारी दृष्टिकोण अझ स्पष्ट भएको छ । यस्तो धारणा अघि सार्दा, ट्रम्प समर्थकहरूले 'परम्परागत मूल्य' जोगाउने प्रयास गरिरहेको दावी गर्छन् । तर यो दृष्टिकोणले अमेरिकामा प्रगतिशीलता र विविधता स्वीकार्ने प्रयासलाई खतरामा पारेको छ । यसले विशेषगरी ट्रान्सजेण्डर र गैर-लिङ्गीय समुदायलाई सबैभन्दा बढी असर गर्ने सम्भावना छ ।

ट्रम्पको यो दृष्टिकोणले कानुनी र सामाजिक क्षेत्रमा ठूलो प्रभाव पार्न सक्छ । यदि दुई मात्र लिङ्गीय पहिचानलाई कानुनी रुपमा मान्यता दिइयो भने, ट्रान्सजेण्डर व्यक्तिहरुका अधिकारमा प्रत्यक्ष असर पर्नेछ । उनीहरूको स्वास्थ्य सेवा, शिक्षा, रोजगारी, र अन्य क्षेत्रहरूमा भेदभाव झनै बढ्न सक्छ । यो कदमले अमेरिकाको समावेशी कानुनी प्रणालीलाई कमजोर बनाउने खतरा छ । यसले अदालतमा नयाँ कानुनी मुद्दाहरु निम्त्याउन सक्छ, विशेषगरी संविधानले ग्यारेन्टी गरेको समानताको सिद्धान्तसँग विरोधाभास हुने कारणले । एलजीबीटीआईक्यू समुदायका सदस्यहरूले लामो समयदेखि संघर्ष गरेर पाएको अधिकार पुनः गुम्न सक्छ ।

ट्रम्पको 'देउता एउटा मात्र लिङ्गीय संरचना मान्नुहुन्छ' भन्ने भनाइले धार्मिक आधारलाई राजनीतिक हतियारका रूपमा प्रयोग गरेको देखिन्छ । अमेरिकामा धार्मिक स्वतन्त्रता भए पनि यसलाई बहुसंख्यकको परम्परागत विश्वास थोपर्ने माध्यम बनाउनु लोकतान्त्रिक मूल्यको विपरीत छ । धार्मिक आधारमा आधारित निर्णयहरुले व्यक्तिगत स्वतन्त्रतामा बाधा पुर्‍याउँछ । हरेक व्यक्तिको लिङ्गीय पहिचान र यौनिकता व्यक्तिगत निर्णय हो, जसलाई धार्मिक वा साँस्कृतिक मान्यताले सीमित गर्न मिल्दैन । यस्तो अवस्थामा, ट्रम्पको धारणा अमेरिकाको धार्मिक स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रताको भावना विपरीत छ ।

ट्रम्पको अभिव्यक्तिले अमेरिकामा सामाजिक ध्रुवीकरणलाई झन् बलियो बनाउन सक्छ । एकातिर परम्परागत मूल्यहरुलाई समर्थन गर्नेहरूले यसलाई सकारात्मक कदमको रुपमा लिन सक्छन् भने अर्कोतर्फ, प्रगतिशील समूहहरूले यसलाई दमनको रुपमा व्याख्या गर्नेछन् । यस्तो स्थितिले समाजमा विभाजन बढाउन सक्छ । एलजीबीटीआईक्यू समुदायलाई दमन गर्ने नीति र विचारले उनीहरूलाई मुख्यधाराको समाजबाट अझ टाढा धकेल्नेछ । यसले समाजभित्र घृणा, असहिष्णुता र हिंसाको प्रवृत्ति बढ्न सक्छ । यसले दीर्घकालीन रूपमा अमेरिकाको लोकतान्त्रिक संस्थामा गहिरो प्रश्न उठाउनेछ । यदि दुई मात्र लिङ्गीय पहिचानलाई मान्यता दिन थालियो भने, यो केवल अमेरिकाका लागि मात्र होइन, विश्वव्यापी रूपमा मानवअधिकारका लागि खतरनाक सन्देश हुन सक्छ ।

मानव अधिकारको आधारभूत सिद्धान्त नै सबै व्यक्तिहरू स्वतन्त्र, समान र गरिमायुक्त रूपमा बाँच्न पाउने अधिकारमा आधारित छ । ट्रम्पको 'जन्मसिद्ध जैविक अवस्था' भन्ने तर्कले व्यक्तिगत पहिचानलाई नकार्दै मानिसलाई जबरजस्ती परम्परागत लिङ्गीय ढाँचामा बाँध्न खोजेको छ । संयुक्त राष्ट्रसंघको मानव अधिकार घोषणापत्रको धारा १ र २ ले सबै मानिसलाई समान अधिकार दिनुपर्ने ग्यारेन्टी गरेको छ । यस्तो दृष्टिकोणले ट्रान्सजेन्डर, गैर-द्विलिङ्गीय र अन्य समुदायमाथि प्रत्यक्ष असर पुर्‍याउँछ । उनीहरूको स्वास्थ्य, शिक्षा, रोजगारी, र अन्य मौलिक अधिकारको सीमाङ्कन गर्ने खतरनाक सम्भावना बढ्छ ।

लिङ्गीय संक्रमण सम्बन्धी विशेष उपचार, मानसिक स्वास्थ्य सहयोग, र अन्य सेवाहरूलाई पहुँचयोग्य बनाउने प्रयासमा ठूलो अवरोध सिर्जना हुनेछ । अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले गैर-भेदभावको ग्यारेन्टी गरेको छ । यस्तो कानुन लागु भएमा यो अधिकार उल्लङ्घन हुनेछ । साथै, शिक्षामा पहुँच र रोजगारीको अवसरहरूमा पनि गम्भीर भेद्भावको सम्भावना बढ्नेछ । यस्तो पृष्ठभूमिमा ट्रम्पको नयाँ अवधारणाले नयाँ तरङ्ग सिर्जना गरेको छ ।

यो चुनौतीको सामना गर्न सशक्त कानुनी संरचना र जनचेतनामूलक अभियानहरु आवश्यक छ । समानतासम्बन्धी ऐनलाई पारित गर्दै संघीयस्तरमा एलजीबीटीआईक्यू समुदायको संरक्षणको ग्यारेन्टी दिनुपर्छ । साथै, समाजमा विविधता र समानताबारे सकारात्मक सोच विकास गर्न शिक्षा र जनचेतना अभिवृद्धि गर्नु जरुरी छ । अन्तर्राष्ट्रियस्तरमा ट्रम्प प्रशासनलाई मानव अधिकार उल्लङ्घनबारे चेतावनी दिनु र दबाब सिर्जना गर्नु महत्वपूर्ण मानव अधिकारको दृष्टिकोणबाट हेर्दा, ट्रम्पको यो दृष्टिकोणले अमेरिकाको लोकतान्त्रिक मूल्य र समानताको अवधारणालाई कमजोर बनाउँदै व्यक्तिगत स्वतन्त्रता र गरिमालाई चोट पुर्‍याएको छ । यस्तो कदमले समावेशी समाज निर्माणको प्रयासलाई पछि धकेल्ने मात्र होइन, अन्तर्राष्ट्रिय मानव अधिकारको आन्दोलनलाई नै कमजोर पार्न सक्छ । अहिलेको समयमा अमेरिकाले परम्परागत दृष्टिकोणलाई चुनौती दिँदै सबै व्यक्तिको स्वतन्त्रता, पहिचान, र गरिमालाई सम्मान गर्ने प्रगतिशील नीति अवलम्बन गर्नुपर्छ । ट्रम्पले उठाएको कतिपय विषय वर्तमान कानुन र प्रजातन्त्रले सुनिश्चित गरेको अधिकारसँग मेल खाँदैन । खुला समाज र लोकतन्त्रको भरपूर उपयोग गर्दै आएको अमेरिका किमार्थ पछाडी फर्कन सक्दैन ।

अमेरिका जहाँ व्यक्तिगत स्वतन्त्रता राईट टू च्वाईसको सम्मान गरिन्छ । अमेरिकाले हरेक वर्ष प्राइड महिना मनाउँछ । एलजिबिटीक्यू समुदायको अधिकार र समानताको विषयमा जनचेतना फैलाउँछ । यो प्राईड दिवश यौनिक अल्पसंख्यकहरुको संघर्ष, पहिचान र अधिकारप्रतिको समर्थनको प्रतीक हो । यद्यपि, डोनाल्ड ट्रम्पको परम्परावादी नीतिहरुले केही हदसम्म समर्थन पाएको देखिन्छ, तर अमेरिकी समाजले संवैधानिक स्वतन्त्रता र मानव अधिकारको संरक्षण गर्ने ऐतिहासिक भूमिका निर्वाह गरिरहेकाले अमेरिका प्रगतिशील समाज हो, जहाँ व्यक्तिको स्वतन्त्रता र पहिचानको सम्मान प्रमुख मान्यता हो । ट्रम्पको यो परम्परागत शैली र घोर दक्षिणपन्थी चिन्तन जहाँ अमेरिकी जनताको अपार समर्थन छ त्यस्ले अमेरिकी समाजलाई कसरी संयोजन गर्न सक्छ । प्रतिक्षाको विषय छ । भर्खर ट्रम्पको जन्मसिद्ध नागरिकता हटाउन खोज्ने कार्यकारी आदेश रोक्न माग गर्दै डेमोक्रेटिक राज्यका महान्यायधिवक्ताहरुले मुद्दा दायर गरिसकेका छन् ।

डेमोक्रेटिक राज्यहरू क्यालिफोर्निया, कोलोराडो, कनेक्टिकट, डेलावेयर, हवाई, मेइन, मेरिल्याण्ड, मासाचुसेट्स, मिसिगन, मिनेसोटा, नेभाडा, न्युजर्सी, न्युमेक्सिको, न्युयोर्क, नर्थ क्यारोलाइना, रोड आइल्याण्ड, भर्मन्ट र विस्कन्सिन राज्यले ट्रम्पको आदेशविरुद्ध मुद्दा दायर गरेका हुन् भने जेण्डर सम्बन्धी बिवादास्पद भनाई नि अदालतसम्म पुग्ने देखिन्छ । यि बाहेक ट्रम्पको आगमनले एउटा शक्तिशाली अमेरिका निर्माण हुने आत्माविश्वास देखिएको छ । अमेरिकालाई समृद्ध बनाउने लक्ष्यसाथ दोश्रो कार्यकाल प्रारम्भ गर्दै गरेको ट्रम्पको उदयसँगै शान्तिको चाहना राख्ने सबै जनहरूलाई एउटा उत्साह पक्कै थपेको छ । अस्तू... ।

# सारङ्गी सपना




मेरा अधिकांश साथीहरु कथित दलित समुदायका थिए । हामी सँगै खान्थ्यौं, खेल्थ्यौं, पढ्थ्यौ । कहिल्यै लागेन उनीहरु साना जातका । म ठूलो जातको । हामी बीच केही भिन्नता थिएन र हुँदैन पनि ।

एकदिन हामी एकजना बाहुन समुदायका डिग्रीधारी शिक्षकको कोठामा ट्युसन पढ्न गयौं । त्यहीँ दिन देखेँ जातिय विभेद्को पराकाष्ठा । मेरा साथी डिग्रीधारी शिक्षकको कोठा बाहिर परे । म भित्र पस्न पाएँ । कारण, उनीहरूलाई समाजले सानो र मलाई ठूलो जात भनेर हामी जन्मिनु अघि नै वर्गीकरण गरिसकेको रहेछ ।

त्यसै दिनबाट मलाई धेरै पढेर डिग्रीधारी हुने मन भएन । धेरै पढेर बुद्धि बढ्ने होईन रहेछ भन्ने लाग्यो ।

डिग्रीधारी तर श्रीमती कुट्ने ।

डिग्रीधारी तर जातीय विभेद् गर्ने ।

डिग्रीधारी तर रजस्वला भएकी छोरीलाई छाउगोठमा पठाउने ।

यी सबै घटना देखेपछि मलाई डिग्रीधारी विद्वान जस्तो बन्न मन लागेन ।

हाम्रो गाउँमा एकजना गाईने दाइ बस्थे । उनकी एक छोरी र श्रीमती पनि थिए । प्रायः सपरिवार गाउँदै हिँड्थे । डिग्रीधारी विद्वानहरू भन्दा, सारङ्गी बोकेर जीवन जगतका गीत गाउँदै हिँड्ने गाईने दाइ धेरै असल मान्छे लाग्थ्यो मलाई ।

किनभने उनी मेरा दलित साथीहरुका घरमा पनि गाउँथे । मेरो घरमा पनि गाउँथे । कसैले केही दिए बुढाबुढी बाँडेर खान्थे । उनकी छोरीलाई छाउगोठमा पनि पठाएको देखिन क्यारे । उनी खुसी थिए । उनको परिवार खुसी थियो ।

त्यसैले मेरो कोमल मस्तिष्कमा यस्तो छाप बस्यो :

*१) ठूला मान्छे असल हुँदैनन् ।*
*२) सर्टिफिकेटले बुद्धि बढ्ने होईन रहेछ ।*
*३) डिग्रीधारी शिक्षक भन्दा भुईफुट्टा गाईने दाइ धेरै ज्ञानी मान्छे रहेछन् ।*

राम्रै भएछ जीवनमा यस्ता घटनाहरुको साक्षी बन्न पाएर । कमसेकम मैले भ्रममा बाँच्नु परेन । शाश्वत सत्य जान्न पाएँ ।

कहिलेकाहीँ आमाले मायाले 'ज्ञानी मान्छे बन्नुपर्छ है शिवराज' भन्नुहुन्थ्यो । मेरा आँखामा उनै गाईने दाइ आउँथे । उनको सारङ्गी आउँथ्यो । मनमनै कर्खा बज्थ्यो । सारङ्गी सपनाले काउकुती लाउँथ्यो ।

# आजबाट हेटौंडामा राष्ट्रिय बुद्धिचाल प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः आइतबारबाट हेटौंडामा राष्ट्रिय बुद्धिचाल प्रतियोगिता हुने भएको छ। नेपाल बुद्धिचाल महासंघको आयोजनामा २५ औं तथा बुद्धिचाल तथा १० औं राष्ट्रिय महिला बुद्धिचाल प्रतियोगिता हुने भएको हो।

शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै बुद्धिचाल महासंघ मकवानपुरका महासचिव धरम लामाले हेटौंडा-४ स्थित होटल सामनामा हुन लागेको प्रतियोगिताको बारेमा जानकारी दिनुभएको छ । प्रतियोगिताका लागि बागमती प्रदेश खेलकुद विकास परिषद्, हेटौंडा उपमहानगरपालिकालगायतको सहयोग रहने महासचिव लामाले बताउनुभयो । बुद्धिचालका खेलाडीहरुको प्रतिभा प्रष्फुटन गर्दै उत्कृष्टताको आधारमा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने, खेलमार्फत् व्यावसायिक विकास गर्ने र बागमती प्रदेशको राजधानी हेटौंडालाई खेलकुदको माध्यमले चिनाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा २४ औं राष्ट्रिय एसियाली बुद्धिचाल प्रतियोगितामा सहभागी भएर पदक जितेका, राष्ट्रिय 'बी'बाट छनौट भएका र ९ औं राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा पदक जित्दै बी क्याट्यागोरीमा परेको १२/१२ जना महिला र पुरुष खेलाडीको सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगितामा मकवानपुर जिल्लासहित झापा, काठमाडौं, दोलखा, रौतहट, भक्तपुर, सुनसरीलगायतका जिल्लाबाट पुरुष खेलाडीको सहभागिता रहनेछ । महिला खेलाडी भने काठमाडौं, झापा, चितवन, बाँके, मोरङ, बारा र रुकुमपूर्वबाट सहभागी हुने उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई खानेबस्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । मकवानपुर जिल्ला बुद्धिचाल संघ र हेटौंडा चेस क्लबको व्यवस्थापनमा सञ्चालन हुने प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्को पनि सहयोग रहने उहाँले बताउनुभयो ।

प्रतियोगिता राउण्ड रोबिनको आधारमा सञ्चालन हुने उहाँले बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले श्रीलंकामा हुने एसियन जोनल अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा सहभागी हुन पाउनेछन्। उक्त प्रतियोगिता मार्च १० देखि १९ गतेसम्म हुने उहाँले बताउनुभयो । प्रतियोगिता दोस्रो हुनेले १५ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने तेस्रो हुनेले १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब २४ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

# शिक्षक संगठन मकवानपुर अध्यक्षमा न्यौपाने सर्वसम्मत

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको अध्यक्षमा मुकुन्द न्यौपाने निर्वाचित हुनुभएको छ। शुक्रबार र शनिबार हेटौंडामा भएको १४ औं अधिवेशनबाट न्यौपाने सर्वसम्मत अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो ।

संगठनको उपाध्यक्षमा रुपचन्द्र गोपाली र चन्द्रादेवी लामा बल निर्वाचित हुनुभएको छ । सचिवमा गोपीरमण प्याकुरेल, सहसचिवमा सविता लामिछाने, कोषाध्यक्षमा भावना सापकोटा र सहकोषाध्यक्षमा दिपेश आले सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

संगठनको जिल्ला सदस्यमा सविता तिमल्सिना, भरत पोखरेल, सरोज फयल, ईश्वर आले र रत्नबहादुर स्याङ्तान निर्वाचित हुनुभएको छ। यस्तै, पालिकाबाट प्रतिनिधित्व गर्ने जिल्ला सदस्यमा बागमती गाउँपालिकाबाट लोकबहादुर विश्वकर्मा, बकैया गाउँपालिकाबाट गीताकुमारी न्यौपाने र हरिहर खनाल, मकवानपुरगढी गाउँपालिकाबाट विमल दहाल तथा भीमफेदी गाउँपालिकाबाट अमृता भट्ट र अंजीत यादव निर्वाचित हुनुभएका छन् ।

यस्तै, इन्द्रसरोवर गाउँपालिकाबाट रामशरण दहाल तथा कैलाश गाउँपालिकाबाट राममाया मुक्तान र रीना थिङ जिल्ला सदस्यमा निर्वाचित हुनुभएको छ। राक्सिराङ गाउँपालिकाबाट आशमान थिङ र मनहरी गाउँपालिकाबाट बाबुराज मोक्तान सदस्यमा निर्वाचित हुनुभएका हुन् । थाहा नगरपालिकाबाट जोगबहादुर मोक्तान र धर्मेन्द्रप्रसाद अर्याल एवम् हेटौंडा उपमहानगरपालिकाबाट देवराज शर्मा र रमेशकुमार बर्तौला जिल्ला सदस्यमा निर्विरोध निर्वाचित हुनुभएको छ । पालिकाबाटै प्रतिनिधित्व गर्ने महिलातर्फका जिल्ला सदस्यमा गीता पौडेल, लालमाया रुम्बा र सावित्री अधिकारी निर्वाचित हुनुभएको छ ।

संगठनको लेखा समिति संयोजकमा रमेश रिजाललाई निर्वाचित गरेको छ । लेखा समिति सदस्यमा शालिकराम घिमिरे र रामप्रसाद साह निर्वाचित हुनुभएको छ । अधिवेशनले संगठनको राष्ट्रिय महाधिवेशन प्रतिनिधिमा काजीमान मुक्तान, नवराज अर्याल, भरतप्रसाद सापकोटा, विश्राम सिंजाली मगर, श्रीराम दहाल, सन्तोष लामिछाने र लक्ष्मीकुमारी रिमाल सर्वसम्मत निर्वाचित हुनुभएको छ । नवनिर्वाचित पदाधिकारीको कार्यकाल ३ वर्षको रहनेछ।

शुक्रबार हेटौंडामा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका निवर्तमान अध्यक्ष श्रीराम दहालको सभाध्यक्षता तथा संगठनका केन्द्रीय महासचिव हंशबहादुर शाहीको प्रमुख आतिथ्यमा अधिवेशन उद्घाटन भएको हो । उद्घाटन समारोहमा सत्तारुढ दलका प्रमुख सचेतक महेशकुमार बर्तौलाले शिक्षामा नागरिकको भरोसा कम हुँदै गएको बताउनुभयो । सार्वजनिक शिक्षामा सबैले नागरिकको भरोसा जित्न आवश्यक रहेको उहाँले बताउनुभयो । शिक्षकहरुले आफूलाई जवाफदेही बनाउन आवश्यक रहेको औंल्याउँदै बर्तौलाले संसदको आगामी अधिवेशनबाट शिक्षा ऐन पारित गराउन सक्दो प्रयास गर्ने बताउनुभयो ।

# प्रेस सेन्टर मकवानपुरमा एमपी शर्मा



*प्रेस सेन्टर मकवानपुरको नयाँ समिति चयनपछि खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः प्रेस सेन्टर नेपाल मकवानपुरको अध्यक्षमा एमपी शर्मा सर्वसम्मत चयन हुनुभएको छ। शनिबार हेटौंडामा भएको छैठौं अधिवेशनले शर्माको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

प्रेस सेन्टर मकवानपुरको उपाध्यक्षमा अशोकसुजन श्रेष्ठ र नवराज वाईबा, सचिवमा अनिल पराजुली, सहसचिवमा जमुना थिङ र सुरेश बल, कोषाध्यक्षमा राजेश थापा (गरिब) चयन हुनुभएको छ । सदस्यमा सुमित विक, राजकुमार स्याङ्बो, केदार ढकाल, आशिष बल, युवराज बिमली, सीता कोइराला, विवेक सिन्तान चयन हुनुभएको छ। थप सदस्य कार्यसमितिको पहिलो बैठकले मनोनित गर्नेछ ।

प्रेस सेन्टर नेपाल मकवानपुरकी निवर्तमान अध्यक्ष अञ्जली थापाको अध्यक्षता तथा प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटाको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारु मगर, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रल्हाद लामिछाने, बागमती प्रदेश सचिवालय सदस्य सर्केश घलान, मकवानपुर इन्चार्ज भिम पाखिन, प्रेस सेन्टरका वरिष्ठ उपाध्यक्ष कमल गिरी, केन्द्रिय उपाध्यक्षद्वय लक्ष्मण खड्का र निर्मल ज्ञवाली, महासचिव सन्तोष पौडेल लगायतको उपस्थिति रहेको थियो ।

# खेम बानियाँको स्मृतिमा विशेष कार्यक्रम

समाज संवाददाता

हेटौंडाः मकवानपुरे साहित्यकार स्वर्गीय खेम बानियाँको स्मृतिमा विशेष कार्यक्रम सम्पन्न भएको छ । शनिबार साहित्य संगम मकवानपुरको ३५१ औं नियमित साहित्य सन्ध्याको अवसरमा खेम बानियाँ स्मृति विशेष कार्यक्रम आयोजना गरिएको हो ।

साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनालको अध्यक्षता तथा संगम सल्लाहकार तुलसी घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। संगमको सहसचिवको जिम्मेवारी सम्हाल्नुभएको बानियाँको २०५४ साल माघ १० गते सवारी दुर्घटनाबाट अल्पायुमै निधन भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि घिमिरेले खेम बानियाँ एक लेखकमात्रै नभएर प्रभावशाली पत्रकार, राजनीतिज्ञ, सामाजसेवी भएको बताउनुभयो । मकवानपुरमा सूत्रकथाको क्षेत्रमा स्व. बानियाँको ठूलो भूमिका रहेको उहाँले जानकारी दिनुभयो। उहाँको सृजना पढ्दा उहाँको व्यक्तित्व झल्किने घिमिरेको भनाइ छ ।

कार्यक्रममा राजकुमार चौधरी, राजाराम राउत, मसान उपासक, देबराज तिवारी, विष्णुप्रसाद तिवारीलगायतका लेखकहरुले रचना प्रस्तुत गर्नुभएको थियो।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
www.samriddhasamaj.com.np

# पत्रकारितामा आकर्षणसँगै चुनौति बढेको छः अध्यक्ष शर्मा

समाज संवाददाता

हेटौंडा : नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले पत्रकारिता क्षेत्रमा युवापुस्ताको आकर्षणसँगै चुनौति पनि थप भइरहेको बताउनुभएको छ । अध्यक्ष शर्माले पत्रकारिता क्षेत्रको सुदृढीकरण अहिलेको आवश्यकता रहेको बताउनुभयो ।

शनिबार पत्रकार महासंघ मकवानपुरको नियमित कार्यसमिति बैठकलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष शर्माले सामाजिक सञ्जाल र न्यु मिडियाहरुको आगमनसँगै पत्रकारिताको प्रकाशन तथा प्रसारणका सामग्रीहरु कमजोर बनेको बताउनुभयो । सञ्चार माध्यममा प्रस्तुत हुने सामग्रीहरु परिमार्जन गरी आम पाठक, स्रोता, दर्शकहरुको आवश्यकता अनुसारको व्यावसायिक पत्रकारिताको आवश्यकता रहेको उहाँले बताउनुभयो ।

नागरिकहरुमा पत्रकारिता र सामाजिक सञ्जालको फरकपन बुझाउन जरुरी रहेको उहाँको भनाई छ । नागरिकहरुमा सामाजिक सञ्जालमा लेखेका कुरा र समाचारमा आएका विषयलाई एउटै रुपमा लिंदा थप समस्या भएको उहाँले बताउनुभयो । उहाँका अनुसार महासंघले पत्रकारहरुको समस्या, हकहित, सेवा सुविधा लगायतका विषयमा बहस गर्नेगरी कार्ययोजना निर्माणको तयारी भएको छ । संचार प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा समावेश गर्नेगरी छलफल अघि बढाइएको उहाँले बताउनुभयो ।


## कर्मचारी आवश्यकता

निकट भविष्यमै सञ्चालनमा आउन लागेको 'हेटौंडा नेपाल ल्याव हाउस एण्ड मल्टि-स्पेसियालिटी क्लिनिक'का लागि तपसील बमोजिमका जनशक्ति आवश्यक भएकोले इच्छुक, योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**पद : बि.एम.एल.टी.**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको ।

**पद : हेल्थ असिस्टेन्ट**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको ।

**पद : फार्मेसी असिस्टेन्ट**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको ।

**पद : ल्याब टेक्निसिएन**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको ।

**पद : रेडियोग्राफर**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफीमा प्रमाणपत्र तह उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको ।

**पद : ल्याब असिस्टेन्ट**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी १८ महिनाको ल्याब असिस्टेन्ट कोर्ष उत्तीर्ण गरेको र सम्बन्धित परिषद्मा दर्ता भएको ।

**पद : रिसेप्सनिस्ट**
संख्या : केही
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण ।

**पद : हाउस किपिङ**
संख्याः केही
शैक्षिक योग्यता : समान्य लेखपढ गर्न जान्ने ।

**दरखास्त दिने अन्तिम मिति** : २०८१/१०/१८ गते शुक्रबार बेलुका ५ बजेसम्म ईमेल तथा WhatsApp गर्नु पर्नेछ ।
सम्पर्क मिति :- २०८१/१०/२० गते आईतबार ।
परीक्षाको किसिम :- अन्तरवार्ता ।
अनुभवीलाई विशेष प्राथमिकता दिईनेछ ।
तलब : आपसी समझदारीमा तय गरिने ।

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :-
- नेपाली नागरिकताको प्रतिलिपि ।
- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरु ।
- सम्बन्धित विषयको सम्बन्धित परिषद्मा दर्ता र नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- अनुभव सम्बन्धी कागजातहरु ।

**९८५५०२५११४, ९८६९६९८४३०**
**ईमेल** : nepallabhousehetauda@gmail.com
**हेटौंडा नेपाल ल्याव हाउस एण्ड मल्टि-स्पेसियालिटी क्लिनिक**
**हेटौंडा-१०, राप्तीरोड**
HETAUDA NEPAL LAB HOUSE & Multi-Specialty Clinic



## हेटौंडा रिफरेन्स ल्यावरोटरी

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ